मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार ३१ गते बुधवार (Wednesday, July 15. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

मास्क नलगाए कारवाही गरिने: पृष्ठ ३



# चालकको स्वास्थ्यजाँच बिनै मालबाहक सवारी नेपाल भित्रिँदै

पार्थ मण्डल

**भद्रपुर, असार ३०।** सम्बद्ध निकायकै लापरबाहीले झापाको भद्रपुर नाकाबाट कोरोना भाइरस (कोभिड-१९) को संक्रमण समुदायमा फैलिने जोखिम बढेको छ।

सम्बन्धित निकायले भद्रपुर नाकामा स्वास्थ्य चेक जाँचसहित भारतबाट आउने सवारीसाधनलाई स्यानिटाइजर गर्ने उपकरण जडान नगर्दा यस नाकाबाट कोरोना भाइरसको संक्रमण फैलिने र भित्रिने जोखिम बढेको हो।

सीमा नाकाबाट आवतजावतमा रोक लगाएको सरकारले भन्सार आयात निर्यात खुलाएसँगै भद्रपुर भन्सार कार्यालयमा दिनहुँ भारतीय नम्बर प्लेटको गाडीमा सरसामान धमाधम भित्रिरहेको छ। तर, भारतको संक्रमित क्षेत्रबाट आउने सवारीसाधन र सरसामानलाई स्यानिटाइजर नगर्नु र चालकसहित गाडीमा आउने मजदुरको स्वास्थ्य परीक्षण नगर्नु जस्ता लापरबाही भद्रपुर नाकामा देखिएको छ। नेपालतर्फका प्रहरी, प्रशासन र भन्सार कर्मचारीसमेत भारतकै भर परेका छन्। अहिले भारतको पश्चिम बङ्गालस्थित शिलगढी र विहारबाट सरसामान आइरहेको छ। ती दुवै राज्यमा कोरोना संक्रमण समुदायमा फैलिसकेको छ। त्यहींबाट सरसामान लोड भएर आउने गरेको व्यापारीहरू बताउँछन्।

भारतको विहारस्थित गलगलिया नाकामा त्यहाँका स्वास्थ्यकर्मीले चेकजाँच गरेकै आधारमा सीमामा खटिएका सशस्त्र प्रहरी र नेपाल प्रहरीले भारतीय सवारीसाधन नेपाल प्रवेश गर्न दिइरहेका छन्। यो सरासर गलत भइरहेको स्थानीयले बताउँदै आएका छन्। कोरोना रोकथाम तथा नियन्त्रणका लागि तीनै तहका सरकारले बजेट नै छुट्याएको छ। तर, सीमा नाकामा प्रहरीलाई खटाउनुबाहेक अरू कुनै स्वास्थ्य सुरक्षाको उपाय सम्बन्धित निकायले अपनाएको देखिँदैन। व्यापारी तथा कारोबारीले भारतबाट सरसामान भित्र्याएर कारोबार गर्न पाइरहेका छन्, भने भन्सार कर्मचारी राजश्व उठाउने काममा मात्र व्यस्त देखिन्छ। उनीहरूले पनि कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि केही स्वास्थ्य सतर्कता अपनाएको देखिँदैन।

यसैबीच भद्रपुर भन्सार कार्यालयका प्रमुख फणिन्द्र खतिवडाले भारतबाट सरसामान भन्सारमा आइरहेको बताएका छन्। सीमा नाकामा भन्सार कार्यालयले सरसामानसहित आउने गाडीको स्यानिटाइजर नगरेको बताउँदै भन्सार प्रमुख खतिवडाले भने- भारतको गलगलियामा स्यानिटाइजर गरेकै भरमा सरसामानसहित गाडी आइरहेका छन्। भन्सार गेटमा हात धुने साबुन पानीबाहेक अन्य कुनै सजगता नअपनाएको उनले स्वीकार गरे। त्यस्तै वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक डम्बर पुरीका अनुसार सीमा नाकामा पहिला भद्रपुर नगरपालिकाले

(बाँकी अन्तिम पृष्ठमा)

## मणिपुरबाट २१ महिलाको उद्धार

**झापा, असार ३०।** शिक्षित महिला नै मानव तस्करको फन्दामा पर्ने गरेको पाइएको छ। विभिन्न प्रलोभन देखाएर भारतको मणिपुर पुऱ्याइएका २१ जना नेपाली महिलाको उद्धार गरेसँगै यस्तो खुलासा भएको हो।

भारतको मणिपुरमा अलपत्र परेका ती महिलालाई उद्धार गरेर मंगलबार बिहान काँकरभिट्टा ल्याइएको छ। वैदेशिक रोजगारीका लागि गएका उनीहरु लामो समयदेखि अलपत्र परेका थिए। ती २१ जना महिला तथा किशोरीहरुलाई नेपाल ल्याइएको माइती नेपालका प्रदेश-१ का संयोजक गोविन्द घिमिरेले जानकारी दिए।

लकडाउनभन्दा अघिनै स्थलमार्गबाट उनीहरुलाई त्यहाँ पुऱ्याएको बताइएको छ। दलालले उनीहरुलाई बिभिन्न देशमा राम्रो कामसँगै राम्रो तलवको लोभ देखाएर त्यहाँ पुऱ्याएका थिए। उनीहरुलाई नेपाल सरकारका उप-सचिव गोमा ढकाल, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो काठमाण्डौं, भारतस्थित नेपाली दूतावास, भारतमा रहेको उज्यालो होम र माइती नेपालको समन्वयमा उद्धार गरिएको माइती नेपाल १ नम्बर प्रदेश प्रमुख घिमिरेले बताए। उद्धार गरेका उनीहरु देशका बिभिन्न स्थानका रहेका छन्। उनीहरुलाई माइती नेपालको स्नेह गृह सतिघट्टामा राखिएको छ। घिमिरेका अनुसार ती मध्ये १२ जनालाई बुधबार काठमाण्डौं लगिने र अन्यलाई काँकरभिट्टाबाटै अभिभावकको जिम्मा लगाउने तयारी भइरहेको घिमिरेले बताए।

मणिपुरबाट बर्मा हुँदै उनीहरुलाई विभिन्न देशमा बेचबिखनमा लागि पुऱ्याइने गरेको बताइएको छ। पछिल्लो समय शिक्षित महिलाहरु नै बेचबिखनमा पर्ने र यसको मुख्य समस्या भनेकै बेरोजगारी भएको घिमिरेले बताए। २१ जना मध्ये दुई जना महिला झापाका रहेका छन्। तिनीहरु मोरङ, पर्सा, पर्वत, काभ्रे, कैलाली सिन्धुपाल्चोक लगायतका जिल्लाका रहेको बताइएको छ। उनीहरु २५-४० वर्ष उमेर समूहका रहेको बताइएको छ।

दलालहरुले पछिल्लो समय मणिपुरलाई

(बाँकी अन्तिम पृष्ठमा)

## बाढी र डुबेर मृत्यु भएका परिवारलाई राहत

**झापा, असार ३०।** झापा जिल्ला प्रशासन कार्यालयले बाढीको प्रकोपबाट मृत्यु भएका पाँच जनाको परिवारलाई जिल्ला विपद् व्यवस्थापन राहत कोषबाट प्रति परिवार रु. एक लाख प्रदान गर्ने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको सोमबार बसेको बैठकले तीन महिनायता नदीमा बगेर र खाल्डोमा डुबेर मृत्यु हुने पाँच जनाको परिवारलाई राहतस्वरुप सो रकम प्रदान गर्ने निर्णय गरेको हो।

बाढीको प्रकोपबाट गत वैशाख २० गते अर्जुनधारा नगरपालिका-२ सातकटेरीका ६५ वर्षीय दुर्गाबहादुर खपाङ्गी, असार १० गते बाह्रदशी गाउँपालिका-६ रुपचनबाडीकी १८ वर्षीया अनुसा टुडू, शिवसतासी-८ का ३ वर्षीय संयम विष्ट, असार २० गते कमल गाउँपालिका-५ का ३४ वर्षीय पुष्प राई र असार २७ गते झापा गाउँपालिका- ५ का राजेश गणेशको मृत्यु भएको थियो।

उनीहरु सबैको परिवारलाई राहतका लागि प्रदेश नम्बर १ को सरकारलाई पनि सिफारिस गरिने सहायक प्रमुख जिल्ला अधिकारी जनक पाण्डेले बताए। उनका अनुसार प्रदेश सरकारको विपद् व्यवस्थापन कोषबाट समेत प्रति परिवार रु. एक लाखको दरले राहत दिइने व्यवस्था छ।

## दुर्घटनामा एक जनाको मृत्यु

**झापा, असार ३०।** झापाको दमकमा मंगलवार भएको सवारी दुर्घटनामा परी एक व्यक्तिको मृत्यु भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार कमल गाउँपालिका -२ मिलनचोकस्थित भित्री सडक खण्डमा भएको सवारी दुर्घटनामा परी मोरङको पथरी शनिश्चरे नगरपालिका -३ निवासी ४१ वर्षीय केदारनाथ दाहालको मृत्यु भएको हो। विहान १० बजे उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको मे १ त ६१९५ नम्वरको ट्याक्टरले प्रदेश १-०२-०४० प ८२३६ नम्वरको मोटरसाइकललाई ठक्कर दिँदा दाहाल घाइते भएका थिए। घाइते भएका दाहाललाई उपचारका लागि लाइफलाइन अस्पताल दमक लैजाने क्रममा बाटैमा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।



नागरिकता विवाद

## आफ्ना नागरिक अनागरिक हुनु भएन

**झापा, असार ३०।** विदेशी बुहारीलाई नागरिकता दिन सात वर्षको समय धेरै भयो तथा विदेशी ज्वाइँलाई नागरिकता पाउनबाट वञ्चित गराइयो भनेर अङ्गीकृत नागरिकताका विषयमा पक्ष र विपक्षमा तर्कहरु चलिरहेको छ।

नागरिकता कुनै पनि देशका नागरिकको सबैभन्दा ठूलो परिचय तथा राष्ट्रियताको पहिचान भएकाले मानिस जन्मिएपछि त्यो देशको नागरिकको हैसियतले नागरिकता पाउनबाट बञ्चित हुनु हुँदैन। तर, विदेशीलाई नागरिकता दिने वा नदिने भन्ने विषयमा भने राष्ट्रका आ-आफ्ना कानून हुन्छन् र ती कानूनहरु ती देशको स्वविवेकसँग पनि जोडिने गर्दछ।

नेपालको संविधान अनुकूल नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्नु परेको अवस्थामा पनि यस्तै विवाद देखिएको थियो। प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा यस विषयमा बृहत् छलफल भएर विधेयक पारित भई प्रतिनिधिसभामा पेश भएको छ। तर, हाल संसदको बजेट अधिवेशन अन्त्य भएकाले यस विषयमा अब अर्को अधिवेशनमा मात्र छलफल हुनेछ।

विधेयकमा खासगरी दुई विषयमा चर्चा भएको देखिएको छ। ती हुन् -नेपाली पुरुषसँग विवाह गरेर आएकी विदेशी महिलालाई नागरिकता दिने सातवर्षे समयावधि बढी भयो र नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषले नागरिकता पाउने व्यवस्था गरिएन भन्ने। यी व्यवस्था नहुँदा महिला र पुरुषबीच समानता भएन। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले यी दुई विषयमा चर्चा चलाए। तर, कतिपय कानूनविद्हरुले भने यस विषयलाई राजनीतिक एजेण्डा मात्र बनाएको संज्ञा दिएका छन्।

'नागरिकताबाट आफ्ना नागरिक वञ्चित हुनु हुँदैन, आफ्ना नागरिक वञ्चित भए भन्ने प्रश्न हो' -वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले भने- 'अङ्गीकृत नागरिकता दिने राज्यको हातमा र राज्यको स्वविवेकको कुरा हो, राज्यको भारवहन क्षमता, संस्कृति अनुकूलन गर्न सक्छ कि सक्दैन, अङ्गीकृत नागरिकतामा कडा नै हुन्छ, कुनै पनि राष्ट्रको नरम नीति हुँदैन, विवाद केवल राजनीतिक विषय मात्र हो।'

नेपालले मात्र अङ्गीकृत नागरिता दिने कडा नीति लिएको होइन। भारतमा पनि सात वर्षकै व्यवस्था छ। भूटानमा बच्चा जन्माएपछि पनि १० वर्षमा मात्र नागरिकता दिने व्यवस्था छ। माल्दिभ्समा विदेशी बुहारीलाई १२ वर्षमा मात्र नागरिकता दिइन्छ। बेलायत र अमेरिका ग्रीनकाड लिएको पाँच वर्षमा अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ। धेरै देशमा अङ्गीकृत नागरिकताको व्यवस्थामा कडा नीति नै अभ्यासमा छ।

'राष्ट्रको थेग्न सक्ने क्षमताका आधारमा अङ्गीकृत नागरिकता दिने हो, कुनै पनि राष्ट्र अङ्गीकृत नागरिकता दिन बाध्य हुँदैन'-संविधानविद् ज्ञवालीले भने- 'वास्तविक नागरिकले नागरिकता पाउनुपर्छ, विदेशीले नागरिकता पाउँनैपर्छ भन्ने होइन, जन्म र वंशजको

(बाँकी अन्तिम पृष्ठमा)

राँके-भेडेटार सडक

## सडक हिलाम्मे, यात्रुलाई सास्ती

युद्धबहादुर बोहोरा

**पाँचथर, असार ३०।** गत वर्षबाट कालोपत्रको लागि काम थालिएको भेडेटार-रवि-राँके सडक अहिले हिलाम्मे अवस्थामा परिणत भएपछि यात्रुले दिनहुँ सास्ती खेपिरहेका छन्।

भारतको लखनउस्थित एप्को इन्फ्राट प्रालिले सम्झौता गरी तीन वर्षभित्रमा निर्माण सम्पन्न गर्ने जिम्मा लिए पछि २०७५ पौष महिनामा प्रधानमन्त्री केपी शर्मा ओलीबाट सडक कालोपत्रको उद्घाटन भएको थियो।



काम थालनी भएको करीब डेढ वर्ष बितिसक्दा पनि हालसम्म व्याक कटिङ, ग्याबीङ र कल्वर्ट तथा स्ट्रक्चर निर्माणमै अल्झिएका कारण वर्षातको समयमा हिलाम्मे भइ सवारी साधन ओहरदोहरमा कठिनाई भएको छ। सम्झौता अनुसार काम शुरु गरेको एक वर्षभित्रमा २० प्रतिशत काम पूरा हुनुपर्ने भए तापनि लक्ष्य अनुसार कामले गति नलिँदा समयमा काम सम्पन्न हुनेमा स्थानीयले आशंका गर्न थालेका छन्।

ठेकेदार कम्पनीले शुरुदेखि नै काममा ढिलाइ गरेको र गत वर्ष पुसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्तकुमार नेम्वाङसहित मन्त्रालयको टोलीले अनुगमन गरेपछि केही दिन तीव्र गतिमा काम भए पनि पुनः सुस्ताएसँगैं यस भेगका बासिन्दा

(बाँकी अन्तिम पृष्ठमा)

## घुससहित दुई पक्राउ

**झापा, असार ३०।** जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय दिक्तेल खोटाङका प्रमुख नारायणकाजी श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुस सहित पक्राउ गरेको छ।

सेवाग्राहीबाट ९ लाख ३४ हजार घुस लिइरहेको अवस्थामा कार्यालय प्रमुख श्रेष्ठलाई मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले रंगेहात पक्राउ गरेको हो।

अख्तियारको टोलीले श्रेष्ठलाई घुस रकमसहित कार्यालयबाटै पक्राउ गरेको हो। श्रेष्ठको साथबाट श्रोत नखुलेको ९९ हजार ५ सय रुपैयाँ पनि जफत गरिएको छ।

श्रेष्ठले सिँचाई योजनाको रकम प्रदेशबाट निकासा हुन ढिलाइ भइरहेको अवस्थामा अधिकांशसँग 'छिटो निकासाका लागि माथि रकम दिनुपर्ने' भन्दै पटक-पटक बार्गेनिङ गर्दै आएको सेवाग्राहीको गुनासो छ।

रंगेहात पक्राउ परेका उनको स्वास्थ्य जाँच गरेर काठमाडौं लाने तयारी भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय टंगालका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए।

त्यस्तै भूमिसुधार तथा मालपोत कार्यालय सप्तरीका एक कर्मचारी मंगलवार घुस लिएको अभियोगमा पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिएको टोलीले कार्यालय सप्तरी राजविराजका नायब सुब्बा कृष्णबल्लभ ठाकुरलाई पक्राउ गरिएको आयोगले जनाएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## सूचना

**उपभोक्ताहरुमा अनुरोधः**

**१) उपभोक्ता वस्तु खरिद गर्नुअघि अनिवार्य रुपमा वस्तुको मूल्य, उत्पादकको नाम एवम् ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौं।**

**२) उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु वा सामान खरिद नगरौं।**

**३) वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं।**

**४) अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविक रुपमा बढी मूल्य लिई वा कम तौलका वस्तु विक्री गर्नु गैरकानूनी कार्य हो।**

**५) उपभोग्यवस्तुमा त्यस्ता त्रुटीहरु भेटिए पैसा नलाग्ने नम्बर ११३७मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिनेछ।**

*'सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।*

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# ‘कहिले तङ्ग्रिएला त श्रीअन्तु’



**इलाम, असार ३०।** देशको प्रमुख पर्यटकीय स्थल श्रीअन्तु । यहाँ सूर्योदय र सूर्यास्त हेर्न बाह्रैमास घुइँचो लाग्छ । सूर्योदय हेर्ने, अन्तुकै चियाबारीस्थित पोखरी घुम्ने र ‘लोकल’ परिकार चाख्ने पर्यटकको प्रमुख गन्तव्य हो-श्रीअन्तु ।

आन्तरिक र बाह्य पर्यटकको गर्मी छल्ने उपयुक्त क्षेत्र पनि हो श्रीअन्तु तर, यतिबेला अन्तुको पहिचान ठीक विपरीत भएको छ । न यहाँ पर्यटक छन्, नत होमस्टे सञ्चालक नै । कोरोनाका कारण बन्दाबन्दी भएपछि अन्तु पूरै बन्द छ ।

अहिले यहाँ होमस्टे रुङ्ने रुँगालोदेखि पोखरी हेरविचार गर्ने व्यक्तिबाहेक अरू कोही भेट्टिँदैनन् । सधैँ व्यस्त रहने अन्तुमा शून्यता छाएपछि यसको मार भने पर्यटन व्यवसायीलाई बढी परेको छ । सधैँ पर्यटक थाम्न हम्मेहम्मे पर्थ्यो । बिहान बेलुकै घुम्न आउनेको घुइँचोले गर्दा काम गर्न भ्याइनभ्याइ हुन्थ्यो- श्रीअन्तु डाँडा सामुदायिक होमस्टेका अध्यक्ष धनबहादुर आले भन्छन्- बन्दाबन्दी भएपछि त पर्यटन भनेर कोही पनि आउँदैन । पूरै सुकेको छ । उनले महामारीका कारण पर्यटकीय क्षेत्र मारमा परेकाले अब पुरानैस्तरमा पुर्‍याउन गाह्रो हुने बताए ।

सधैँ पर्यटकको चापाचाप हुने अन्तुमा यस वर्ष भने व्यवसायीको पेशा नै धरापमा परेको छ । कतिलाई अब साहुको ऋण कसरी तिर्ने भन्ने समस्याले नराम्ररी पिरोलेको छ । स्थानीय सरकारले कर छुट दिनेदेखि बैंकको ऋणमा सहुलियत नदिएमा पर्यटन व्यवसायीमा आर्थिक सङ्कट आउने बताँछन् अन्तु व्यवसायी संघका सचिव रुद्र घिमिरे ।

यहाँ लगानी गर्दा राम्रो हुन्छ भन्ने थाहा पाएर झापादेखिका साथीहरू कटेज खोलेर बस्नुभएको छ - उनी भन्छन् -न साहुको ऋण तिरेका छन् ,नत कटेजको भाडा । होमस्टेको पनि हविगत उही हो । अन्तु मात्र होइन जिल्लाका अन्य पर्यटकीय क्षेत्रको पनि हविगत योभन्दा फरक छैन । हुन त पर्यटकका लागि मुख्य सिजन हो चैत यताको जेठसम्मको समय । त्यही सिजनमा नै बढी आम्दानी हुने गर्दछ । तर, यसपल्ट भने पर्यटन व्यवसायीलाई यही मौसममा धक्का लागेको छ ।

दैनिक तीनदेखि चार सयसम्म पर्यटक आउने इलाम सन्दकपुर गाउँपालिकास्थित माईपोखरीको पनि अवस्था अन्तुको भन्दा फरक छैन । पर्यटकलाई स्वागत गर्न दैनिकजसो बस्ने गरेका व्यवसायी यति बेला चकमन्न भएपछि व्यवसाय नै बन्द गरेर बसेका छन् । मुख्य सिजनमा पर्यटक नआउँदा आर्थिक कारोवार ठप्प भएको पर्यटन व्यवसायी निमादोर्जे सेर्पा बताउँछन् । हामीले खोलेर मात्रै पनि भएन, पर्यटक आउनु पर्‍यो । महामारी आउँछ भन्ने डरले व्यवसाय नै बन्द गरेका छौँ -उनले भने ।

रामसार क्षेत्रमा सूचीकृत माईपोखरी पर्यटकीयसँगै धार्मिक महत्वका हिसाबले पनि धेरै महत्वको छ । आन्तरिक र बाह्य पर्यटकको चाप हुने यो क्षेत्रमा यसपटक भने व्यवसायीले घाटा व्यहोर्नु परेको छ ।

यस्तै, हिमाल हेर्न र गर्मी छल्न दैनिक ६० देखि ७० जनाको हाराहारीमा पुग्ने सन्दकपुर र ढापपोखरी लगायतका क्षेत्र पर्यटक नहुँदा सुनसान भएका छन् । प्रदेश १ सरकारले नै प्रमुख गन्तव्यका रूपमा छनोट गरेको सन्दकपुरमा पनि पर्यटक आउन सक्ने स्थिति छैन । पर्यटककै पर्खाइमा बाह्रैमास खुल्ने होटल, होमस्टे र यातायात व्यवसायीलाई ठूलै आर्थिक समस्या आइलागेको यातायात व्यवसायी गृष्म सुब्बा बताउँछन् । यी पर्यटकीय क्षेत्रमा त कोही जाँदैन । पुराना पर्यटक पनि खुलेपछि आउँछौं भन्नुहुन्छ - उनी भन्छन् -खासै धेरै फोन पनि आउँदैन । नभए यो सिजनमा जानका लागि दिनहुँ फोन आउँथ्यो । उनका अनुसार यसै क्षेत्रमा कार्यरत् यातायात व्यवसायीलाई भने सरकारले सहुलियत वा छुट नदिए जीवनस्तर जटिल अवस्थामा पुगेको छ । उनले भने - हामीले सवारीको रुट/परमिटको पनि रकम छुट पाउनुपर्छ र बैंकले पनि सहुलियत दिनुपर्छ ।

मुख्य सिजनमा बन्दाबन्दी भएपछि ठूलो घाटा होटल व्यवसायीलाई परेको छ । होटल व्यसायीका अनुसार जिल्लामा बन्दाबन्दीका समयमा ६० ठूला होटलमा प्रतिदिन रु. ४० हजारका दरले, मझौलामा २०० होटलमा प्रतिदिन रु. २० हजार र साना १ सय ९० होटलमा रु. छ हजार घाटा भएको छ ।

यस्तै, ठूला होटलबाट छ सय जना, मझौलाबाट एक हजार दुई सय जना र साना होटलबाट पाँच सय ७० जना कामदार बेरोजगार रहेको तथ्याङ्क छ । गएको बर्ष जिल्लामा एक लाख ६३ हजार पर्यटक भित्रिएकामा यस बर्ष दुई लाख ५० हजार पर्यटक भित्र्याउने लक्ष्य रहेको थियो । तर, सिजनमै बन्द भएपछि आधासमेत पर्यटक नभित्रिने पर्यटक व्यवसायीको अनुमान छ । पर्यटन व्यवसायी देवी पौडेलका अनुसार अब पर्यटन प्रवर्द्धनको काम शून्यदेखि थाल्नु पर्ने भएको छ ।

**के गर्दैछन् स्थानीय तह ?**

आर्थिकरूपमा समस्यामा परेपछि अधिकांश पर्यटन व्यवसायीले यति बेला बैंक र स्थानीय सरकारको मुख ताक्न थालेका छन् । बैंकले सहुलियत दरमा ब्याज र स्थानीय सरकारले करमा छुट दिएमा आफ्नो जीवनस्तर उकासिने व्यवसायीको भनाइ छ ।

हुन त चार महीनासम्म शून्य कारोवार हुँदा मुख्य पेशा नै पर्यटन बनाएर बसेका व्यवसायीलाई ठूलै सङ्कट आइलागेको छ । व्यवसायीलाई समस्यामा पारेर पर्यटकीय क्षेत्रमाथि नउठ्ने भएकाले नगरपालिकाले करमा छुट दिन सक्ने बताउँछन् -सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राई । ठूलै सङ्क्रमण आए हामी व्यवसायीसँग समन्वय गर्न सक्छौं । उनले भने -तर, अहिलेसम्म एकजना होटल सञ्चालकबाहेक अरु कसैले यस्तो गुनासो लिएर आउनुभएको छैन । उनका अनुसार कोरोना सम्बन्धी जनकारी दिने समितिहरू सीसीएमसी र डिसीएमसीसँग छलफल गरी स्वास्थ्य समस्या आउन नदिने भए पश्चात् मात्र खोल्न सकिन्छ । उनले पर्यटन व्यवसायीलाई सहुलियतका लागि केन्द्र सरकारले ‘पर्यटन प्याकेज’ बनाएको जानकारीसमेत दिए ।

# चिया पसलबाट लागूऔषध बरामद

**मोरङ, असार ३०।** मोरङको बिराटनगर महानगरपालिका-१५ को राम-जानकी चोकमा रहेका दुईवटा चिया पसलबाट लागूऔषध बरामद भएको छ। उक्त चोकमा रहेको मनोकामना झा र शसहेदा खातुनको चिया पसलबाट लागूऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले मनोकामना झाको चिया पसलबाट लागूऔषध डाइलेक्स डीसी १ बोतल, कोडिन फस्फेड २ बोतल र निट्राभेट ३० चक्की तथा सहेदा खातुनको चिया पसलबाट डाइलेक्स डीसी ५ बोतल र अन्य बिभिन्न किसिमका लागूऔषधका खाली बोतलहरू १२ वटा बरामद गरेको हो ।

लागूऔषध बरामद भएसँगै दुबै चिया पसलका सञ्चालक र बिराटनगर-१७ का ३४ बर्षीय प्रदीप राईलाईसमेत पक्राउ गरी थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# वेबसाइटमा अश्लील भिडियो अपलोड गरेको अभियोगमा पक्राउ

**काठमाडौं, असार ३०।** पोर्न वेबसाइट बनाई अश्लील भिडियो अपलोड गरेको अभियोगमा काठमाडौं महानगरपालिका गोंगबू बस्ने २३ वर्षीय सुरज श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

चितवनकी १७ वर्षीया किशोरीको अश्लील भिडियो पोर्न साइटमा राखेर साइबर अपराध गरेको भन्ने सूचना एवम् निवेदनको आधारमा प्रहरी प्रधान कार्यालय साइबर व्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले श्रेष्ठले अनधिकृत रुपमा ब्लुसंसार डटकम नामको पोर्न वेबसाइट बनाई अश्लील भिडियो अपलोड गरेको खुल्न आएपश्चात उनलाई प्रहरीले पक्राउ गरेको हो । निज उपर विद्युतीय कारोबार ऐन, २०६३ अनुसार महानगरीय प्रहरी वृत्त दरबारमार्गबाट जिल्ला अदालत काठमाडौंमार्फत म्याद थप गरी थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ ।

## मणिपुरबाट ...

ट्राञ्जिटपोइन्टको रुपमा प्रयोग गर्ने गरेको बताइएको छ । मणिपुरबाट बर्मा पुर्‍याउने र त्यहाँबाट खाडी मुलुक पुर्‍याउन सहज हुने भएकाले तस्करले उक्त रुट प्रयोग गरेको पाइएको घिमिरेको भनाइ छ । यस अघि पनि मणिपुरबाट एकपटक एक सय ७९ र अर्कोपटक २३ जना नेपाली महिला तथा किशोरीलाई उद्धार गरी नेपाल ल्याइएको थियो ।

## घुससहित...

आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार राजविराज, सप्तरीमा कार्यरत नासु ठाकुरलाई सेवाग्राहीसँग घुस लिएको अवस्थामा पक्राउ गरिएको हो । ठाकुरलाई ट्रायल चेक गरी बढी जग्गाको स्रेस्ता कायम गरी दिने प्रयोजनका लागि घुस लिएको अभियोग लगाइएको छ । सेवाग्राहीबाट लिएको भनिएको रु. १३ हजारसहित उनलाई कार्यकक्षबाट नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।

## आफ्ना...

आधारमा नागरिकता दिनुपर्छ, राष्ट्रियता प्राप्त गर्ने नागरिकता रगतको नाता हो ।’

उत्तर अमेरिका र बेलायतमा जन्मको आधारमा नागरिकता दिइन्छ । त्यो देशको नागरिकले त्यहाँ नागरिकता पाइसकेको हुन्छ । जुन देशमा मानिस जन्मिन्छ, त्यही देशको राष्ट्रियता प्राप्त गर्छ । त्यही देशको नागरिकता पाउँछ । ‘अंगीकृत नागरिकता पछि पाउने नागरिकता हो, नागरिकता भनेको राजनीतिक अधिकार हो, सबैले परीक्षणको अवधि राखिएको हुन्छ’ -उनले भने- ‘आफ्नो देशको नागरिकता त्याग्न पनि भनिएको छैन, कुनै पनि नागरिकलाई आफ्नो देशको नागरिकता त्याग्न बाध्यकारी बनाउन सकिँदैन, सातवर्षको परीक्षण अवधि सही छ ।’

सात वर्षको परीक्षण समयावधि भारतलाई हेरेर विधेयकमा व्यवस्था गरिएको जस्तो धेरैलाई लाग्यो । तर, नेपाली पुरुषले संसारका दुई सय १९ मुलुकका महिलासँग विवाह गर्न सक्छन् । त्यी सबैलाई सात वर्षकै व्यवस्था हो । नागरिकता दिँदा राज्यको भारवान क्षमता र संस्कृति अनुकुलन गर्न सक्छन् कि सक्दैन् ? भनेर पनि हेरिन्छ । मुस्लिम देशमा धर्मलाई पनि हेरिन्छ ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नागरिकता प्राप्त गर्न चाहने विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गरेको मितिले छ महिनाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्नुपर्नेछ । समय सीमाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्न नसकेमा प्राप्त गरेको नेपालको नागरिकता रद्द हुनेछ । यही प्रक्रियाबाट नेपालीसँग विवाह गरेकी विदेशी महिलाले सात वर्षपछि अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ । नागरिकता प्राप्त गर्ने परीक्षणकाल सात वर्ष भएता पनि विदेशी बुहारीलाई चलअचल सम्बन्धी आर्जन गर्न, पेसा गर्न र उद्योग व्यापार गर्न पाउने सुविधा विधेयकमा व्यवस्था गरिएको छ । तर, सरकारी सेवामा प्रवेश गर्नसम्म सुविधा दिनुपर्ने पनि तर्क पनि आएका छन् ।

‘विदेशी बुहारीलाई सात वर्षमा नागरिकता दिने विषयमा संविधान लेखनका क्रममा पनि सहमति भएको हो, सहमतिमै यो प्रक्रियालाई टुग्यांउनु पर्छ’ -वरिष्ठ अधिवक्ता हरिहर दाहालले भने- ‘सात वर्ष भारतलाई मात्र दृष्टिगत गरी राखिएको होइन, विश्वका जुनसुकै नागरिकलाई पनि एउटै व्यवस्था हो, युरोप अमेरिकाका महिला पनि नेपाली पुरुषले विवाह गरेका छन्, तर लोकसेवा आयोगमा परीक्षा दिन वा सरकारी सेवामा प्रवेश गर्न बाधा नपुग्ने गरी राख्दा राम्रो हुन्छ ।’

नेपालको संविधानमा पुरुष वा महिला दुवैलाई अङ्गीकृत नागरिकता दिने व्यवस्था छ । तर, छोरी विवाह गरेर ज्वाइँ देशमा आउँछ भन्ने परिकल्पना भने संविधानमा गरिएको छैन । संविधानसँग बाँझिने गरी कानून बनाउन पाइँदैन । विदेशी ज्वाइँलाई नागरिकता दिने विषयमा भने संविधान नै संशोधन गर्नुपर्ने हुन्छ । वैवाहिक आधारमा विदेशी ज्वाइँले नागरिकता नपाएपनि अरु आधारबाट प्राप्त गर्न सक्ने व्यवस्था छ । नेपाली भाषा बोल्ने, व्यपार व्यवसाय गरेर बसेको वा कामका सिलसिलामा बसेको १५ वर्ष भएपछि अङ्गीकृत नागरिकता दिने व्यवस्था छ ।

नेपालको संविधानको धारा ११ को उपधारा ६ मा विदेशबाट विवाह गरेर आएकी महिलाको लागि व्यवस्था गरेको छ । ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ’ -भनिएको छ । तर, नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषको हकमा कुनै व्यवस्था नै गरिएको छैन । तर, नेपाली महिलाले विदेशीसँग विवाह गरेपछि जन्मिने सन्तानको नागरिकता विषयमा पनि संविधानले व्यवस्था गरेको छ ।

नेपालको संविधानको धारा ११ को उपधारा ५ मा नेपाली महिलासँग विदेशी नागरिकको विवाह भएपछि जन्मिने सन्तानको हकमा अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरिएको छ । नेपालको संविधान, २०१९ ले नेपाली नागरिकसँग विवाह गरेर आएकी विदेशी महिलाले विदेशको नागरिकता त्यागेपछि अन्यलाई कम्तीमा १५ वर्षको अवधिसम्म भन्ने व्यवस्था गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने व्यवस्था थियो ।

नेपाल नागरिकता ऐन, २०६३ ले नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । साथै आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्ने व्यवस्था थियो ।

‘अङ्गीकृत नागरिकता दिँदा विदेशी वुहारी वा ज्वाइँलाई समान व्यवहार गर्नुपर्छ, बुहारीलाई सात वर्षमा दिने र ज्वाइँलाई पनि सात वर्षमै दिने व्यवस्था गर्दा समानता हुन्छ’ -वरिष्ठ अधिवक्ता डा. सुष्मा बरालले भनिन्- ‘कानूनमा बराबर अधिकार हुनुपर्छ, संविधानले नै समानताको अधिकार दिएको छ ।’ उनको विदेशी बुहारी र ज्वाइँलाई एकै प्रकारले हेरिनुपर्छ भन्ने तर्क छ । तर, संविधानले ज्वाइँलाई अङ्गीकृत नागरिकता दिने विषयमा बोलेको छैन ।

‘नेपालको संविधानमा नेपाली महिला विदेशी पुरुषसँग विवाह गर्दा अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरेको छैन’ -नेपाल बार एसोसिएना पूर्व उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता उषामल्ल पाठकले भनिन्- ‘नेपाली महिला विदेशी पुरुषसँग विवाह गर्दाको अवस्था के हुन्छ भनेर चाँहि संविधानले सोचेका छैन, संविधानमा नभएको व्यवस्था कानूनमा राख्न मिल्दैन ।’

देशको स्वार्थको आधारमा अङ्गीकृत नागरिकता दिने हो । विदेशी बुहारीलाई भारतमा राजनीतिक अधिकार पनि छैन । ‘परीक्षण समयावधि सात वर्ष सही हो, हाम्रा सन्तान पनि नागरिकता लिन १८ वर्ष कुर्नुपर्छ नि ?’-वरिष्ठ अधिवक्ता पाठकको भनाई थियो । नेपाल बार एसोसिएसनको महिला समितिको राष्ट्रिय सम्मेलनले पनि अङ्गीकृत नागरिकता सात वर्ष नै राख्नुपर्छ भन्ने सुझाव दिएको थियो ।

अङ्गीकृत नागरिकता दिने वा नदिने अधिकार राज्यको नीतिमा भर पर्ने हो । राज्यले धान्न सक्ने वा नसक्ने कुरामा भरपर्ने भएकाले अङ्गीकृत नागरिकता दिने विषय कुनै पनि राज्यको आत्मनिर्णयको हो । तर, आफ्ना नागरिक राष्ट्रियता अर्थात् नागरिकताबाट वञ्चित भने हुनु भएन ।

## चालकको...

स्वास्थ्यकर्मीको टोली खटिएको थियो । तर अहिले कुनै स्वास्थ्यकर्मी खटिएका छैनन् ।

भारतबाट आउने गाडी सोझै भन्सारमा पठाउने गरेको र सामान अनलोड गरी तुरुन्त फिर्ता पठाउने गरेको उनले बताए । सशस्त्र प्रहरी बल २ नम्बर गण झापाले भद्रपुर नाकामा खटाएका सशस्त्र प्रहरी निरीक्षक विभु दाहालले भने- म भर्खरै यहाँ आएको हुँ, म आउँदादेखि नै सामानसहित गाडीहरू भन्सार आइरहेका छन् । गाडी, सामान र चालकको नेपालतर्फ कुनै स्वास्थ्य चेकजाँच भएको छैन ।

**दूरी कायम नगरी जाँचबुझ**

भद्रपुर भन्सार कार्यालयमा आउने सरसामानमध्ये सबैभन्दा बढी लत्ताकपडा हुन् । झापामा यो भन्सारबाहेक अन्य नाकाबाट लत्ताकपडा भित्रिएको रेकर्ड पनि छैन । त्यसपछि मात्र अरू आवश्यक सामान आउने गरेको छ । ठूलो सङ्ख्यामा भित्रिने लत्ताकपडाको पोकाहरू भन्सार कर्मचारीले जाँचबुझ गर्दा कर्मचारी र कारोबारी कसैले सामाजिक दूरी कायम गरेको देखिँदैन । उनीहरूले मास्कसमेत लगाएका हुँदैनन् । एउटै ठाउँमा सामानको पोका छरपस्ट पारेर भीड गरेर कर्मचारीहरूले सामान हतारमा जाँचबुझ गर्दै आएका छन् । यसले राजश्व पनि चुहावट भइरहेको स्रोतले आशंका गरेको छ ।

**काँकरभिट्टाबाट भित्रिएका सवारीसाधन भद्रपुर पठाउन थाल्यो**

काँकरभिट्टा नाकाबाट नेपाल प्रवेश गरेका सवारीसाधनलाई पश्चिम बङ्गाल सरकारले पुनः त्यही नाकाबाट जान नदिएपछि केही व्यापारीले सेटिङ मिलाएर भद्रपुर नाकाबाट पठाउन थालेका छन् । काँकरभिट्टा नाकाबाट भित्रिएका गाडी यसअघि विराटनगर- जोगबनी नाकाबाट भारत गइरहेका थिए ।

व्यापारीलाई ढुवानी खर्च बढी लाग्ने भएपछि सेटिङ मिलाएर सोमबारदेखि भद्रपुरबाट पठाउन थालेको व्यापारी स्रोतको दाबी छ । एक व्यापारीले भने- ‘एक त सीमा नाकामा कुनै स्वास्थ्य सुरक्षाको उपाय अपनाइएको छैन, त्यसमाथि गाडीहरू पनि भारत पठाउने थाल्यो, यसले कोरोना फैलिने जोखिम झन् बढ्यो ।’

भद्रपुर-गलगलिया नाकाबाट भित्रिने सरसामानका गाडी भद्रपुर भन्सार कार्यालयसम्म मात्र आउने अनुमति दिने झापाका प्रहरी प्रशासनले काँकरभिट्टाबाट प्रवेश गरेका गाडी किन पठाउन थाल्यो। यस विषयमा सम्बन्धित निकाय किन मौन छ ?

## सडक...

मारमा परेका छन् ।

लकडाउन र वर्षात्को कारण अहिले निर्माण ठप्प भएको यस सडकमा दैनिक खाद्यान्न, निर्माण सामग्री बोक्ने ट्रक, ट्याक्टर, मोटरसाइकल, बिरामी बोक्ने एम्बुलेन्स गरी दैनिक एक सयभन्दा बढी सवारी साधन ओहोर-दोहोर गर्ने गर्दछन् । बाटोमा ट्रक फँसेर स्काभेटरको सहायताले घण्टौंसम्म लगाएर निकाल्नु परेको चालक मीनबहादुर तामाङ बताउँछन् ।

यो सडक राँके-रवि, रवि-बुधबारे, बुधबारे-भेडेटार तीन भागमा विभाजित गरी काम सञ्चालन भएको भए पनि हाल राँके-रवि खण्डको जोखिम ठाँउमा सडक मर्मतको काम मात्रै गर्न सम्भव भएको कार्यरत् कन्सल्टेन्सीका सव इञ्जिनियर शैलेस मण्डल बताउँछन् ।

इलाम र पाँचथरको सीमाना राँकेबाट महाभारतडाँडा हुँदै धनकुटाको भेडेटारसम्म पुग्ने यो मार्ग कालोपत्रका लागि तीन अर्ब ६५ करोड ८४ लाख ९५ हजार ५७२ रुपैयाँ रकम एक्जिम बैक अफ इन्डियाको ८७ प्रतिशत र १३ प्रतिशत नेपाल सरकारको लागतमा निर्माण हुने जनाइएको छ ।

दुई लेनको दाँयाबाँया एक/एक मिटर सोल्डरसहित जम्मा ९ मिटर फराकिलो एक सय किलोमिटर लम्बाइको यो मार्ग प्रदेश १ को गौरवको योजना मानिएको छ । यस सडकले धनकुटाका, पाँचथर,मोरङ र इलामका बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन् ।


**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०


**सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु**


- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हक जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस-पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**बिर्तामोड नगरपालिका**


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## परीक्षणमा लापरवाही नगर

**पहिरोको कहरका अघि कोरोना संक्रमणको भय अहिले गौण भएको छ । शायद त्यही कारण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित प्रेस मिटिङ चासोको विषय हुन छाडेको छ । यसो हुनुका पछि कारोना संक्रमणको घट्दो संख्या हुनसक्छ । पछिल्लो हप्ता नियमित प्रेस भेटमा प्रवक्ताले संक्रमण कम हुँदै गएको उल्लेख गरेका छन् । स्वास्थ्य मन्त्रीले भने जस्तै स्वाव परीक्षणको दर बढाइएको छैन, बरु पूर्व परीक्षणको तुलनामा घटाउँदै लगिएको छ । असार दोस्रो सातादेखि दिनहुँ दश हजार जनाको पीसीआर परीक्षण गर्ने भनिएकोमा अहिले तीन हजारको हाराहारीमा गरिँदैछ । त्यहीकारण संक्रमितको संख्या घट्ने क्रममा देखिएको हुनसक्छ ।**

**स्वास्थ्य क्षेत्रका विज्ञ, चिकित्सक लगायत आम जनताले कोरोनाको महामारीबाट जोगिन परीक्षणको दायरा र दर बढाउनुपर्ने भन्दै आएका थिए । सरकारले कसैको आवाज सुनेन बरु आफ्नै निर्णयले कहिले आरडीटीको भरमा त कहिले लक्षण नदेखिएको भन्दै क्वारेन्टिनमा बसेकाहरुलाई घर पठाइयो । जसको परिणाम भ्रमणको अभिलेख नै नभएकाहरुमा समेत संक्रमण देखियो । यसले सरकारको लापरवाहीले कोरोना भाइरसको संक्रमण समुदायमा पुगेको हुन सक्ने आशंका गरिँदैछ । आम जनतामा परीक्षणको दायरा बढाएर जनताको जीवन सुरक्षित राख्न ध्यानाकर्षण गराइरहेका बेला सरकार भने संक्रमण कम हुँदै गएको प्रचार गर्दैछ ।**

**पछिल्लो समय सरकारले आफूखुशी पीसीआर परीक्षण गर्न पाइने निर्णय गरेको छ । यस्तो परीक्षण निजी अस्पतालहरुले गर्न पाउने भनिएको छ । यसले सरकार अभिभावकीय दायित्वबाट पछि हटेको र भाग्न खोजेको देखिन्छ । जसका कारण आम जनतामा सरकारप्रति अविश्वास र आक्रोश बढ्न थालेको छ । विश्वभरि नै महामारीको रुप लिएको यो विपत्तिमा सबै देश र त्यहाँका सरकारले परीक्षणदेखि उपचार र पहिचानदेखि मृत्युपर्यन्तको कर्म आफैले गरिरहेका छन् । यस्ता महामारीमा जनताको जिउको रक्षा गर्नु सरकारको नैतिक एवम् कानूनी कर्तव्य पनि हो ।**

**नियन्त्रण भयो भनिएका कतिपय देशमा संक्रमण फेरि फैलिएको उदाहरण छन् । तर, हामीकहाँ संक्रमणको सम्भावना भएकाहरुलाई समेत परीक्षण गरिएको छैन । रोकथामका लागि गरिएको लकडाउन पनि देखावटी जस्तो मात्रै छ । अझ भारतसँग खुल्ला सीमाना भएको र त्यहाँ संक्रमण अझै तीव्र दरमा बढिरहेको सन्दर्भमा जोखिम झनै उच्च छ । अहिले पनि खुल्ला सीमाना भएर मानिसको आवतजावत जारी छ । आउनेहरु निर्बाध घर, समुदायमा पुगेका छन् । यस्तो अवस्थाले परीक्षण घटाएर संक्रमण कम भएको प्रचार गर्नु दायित्वबाट पछि हट्नु हो । यसले जनतामा सरकारप्रतिको विश्वास मर्न सक्छ, आशंका बढ्न सक्छ, त्यसैले सरकारले उत्तरदायित्व बिर्सन मिल्दैन ।**

### सामाजिक सञ्जाल




कडा जनदवाब, प्रतिपक्ष दल र नागरिक समाजको दवाव, संसदीय समितिको निर्देशन र नेकपाभित्रकै दवावले बाध्य भएर नक्सा जारी गर्नेसँग भूमि फिर्ता गर्नका लागि न कुटनैतिक भाषा ज्ञान, न त कुटनैतिक चातुर्यता । उरन्ठेउला कुरा गरेर अयोध्याबासी बनाइदिएछन् । जिम्मेवार व्यक्तिको गैरजिम्मेवार अभिव्यक्ति ।

**– धनराज गुरुङ**



एजेन्डा सेटिङ महत्वपूर्ण विषय हो, गम्भीर गृहकार्यको माग गर्छ । जिम्मेवार व्यक्तिका अभिव्यक्तिलाई 'एजेन्डा-सेटिङ' का रुपमा पनि बुझिन्छ । त्यसैले जिम्मेवार व्यक्तिका उत्ताउला अभिव्यक्तिले जटिलता निम्त्याउँछ । सन्दर्भ प्रमको 'अयोध्या' अभिव्यक्ति ।

**– सूर्यराज आचार्य**



मास्क नलगाई घरबाट निस्कनेलाई कारवाही गर्ने निर्णय एकदम सही छ ! मास्कको प्रयोग हाम्रो आफ्नै स्वास्थ्य-सुरक्षाका लागि हो। स्वास्थ्य मापदण्डको पालना गरौं । घरबाट बाहिर निस्किँदा सुरक्षित दूरी अपनाऔं, अनिवार्य रूपमा मास्क प्रयोग गरौं र अरूलाई पनि मास्कको प्रयोग गर्न प्रोत्साहित गरौं ।

**– गगन थापा**

# 'ब्याक्टेरिया' हाम्रा असल साथी



**तुलसीराम खरेल**

पृथ्वीमा मानिस, विभिन्न जनावरहरु, चराचुरुङ्गी, वनस्पति तथा सूक्ष्मजीवहरु छन् । माथि नाम दिइएका जीवजन्तु वनस्पतिहरु आँखाले देख्न सकिन्छन् भने सूक्ष्मजीवहरु हाम्रो नाङ्गो आँखाले देख्न सकिन्न । सूक्ष्मजीवहरुको शारीरिक बनोट हेर्न सूक्ष्मदर्शक यन्त्रको जरुरी पर्दछ । धेरै सूक्ष्मजीवहरु सरल सूक्ष्मदर्शक यन्त्रबाट समेत देखिन्नन् । तिनीहरुलाई राम्ररी ठम्याउन निकै पावरफूल इलेक्ट्रोन माइक्रस्कोपको जरुरी पर्दछ ।

हामी धेरै जना सूक्ष्मजीवीहरुको जीवनशैलीबारे अनभिज्ञ नै हुन्छौं । हामीहरु धेरैको धारणा के हुनसक्छ भने सूक्ष्मजीवहरु मानिसका लागि अत्यन्तै हानिकारक हुन्छन् । तर, धेरै सूक्ष्मजीवहरु मानिसका असल मित्र पनि हुन् । विज्ञान प्रविधि, कृषि, औषधि विज्ञान, एवम् उद्योग कलकारखानाहरुमा सूक्ष्मजीवहरुको निकै ठूलो सहयोग रहेको हुन्छ । जीव विज्ञानमा सूक्ष्मजीव भन्नाले ब्याक्टेरिया (किटाणु), भाइरस (बिषाणु), फन्जाई (ढूसीजन्य जीवहरु) एवम् एक कोषीय लेउ तथा प्रोटोजोवा वर्गका जीवहरु भन्ने बुझिन्छ ।

यस आलेखमा केही सहयोगी ब्याक्टेरियाहरुबारे चर्चा गर्न खोजिएको छ । आम जनमानसमा जीवविज्ञानका तथ्यहरुलाई सकेसम्म सामान्य भाषामा विश्लेषण गरी धेरै भ्रमहरुबाट मुक्त पार्न सहयोग गर्नु प्रमुख उद्देश्य रहेको छ । हाम्रो वायुमण्डलमा आयतनको हिसाबले करिब ७८ प्रतिशत नाइट्रोजन ग्यास रहेको हुन्छ । नाइट्रोजन सबै प्रकारका प्राणीहरुका लागि अत्यन्तै आवश्यक हुन्छ । तर, कुनै पनि प्राणीहरु हावामा भएको नाईट्रोजन ग्यासलाई प्रत्यक्षरुपले लिन सक्दैनन् । नाइट्रोजन सबैभन्दा पहिले नाइट्रोजन फिक्सिङ ब्याक्टेरियाहरुको सहयोगमा जमिनमा आइपुग्छ र सोइल नाईट्रेटको रुपमा रहन्छ । नाइट्रोजनको नाइट्रेट अवस्थालाई प्रायः सबै प्रकारका बनस्पतिहरुले जमिनबाट सोसेर लिन सक्छन् । जमिनमा आएको नाईट्रोजनलाई वनस्पतिले नाइट्रेटको रुपमा लिइसकेपछि त्यो प्रोटिनमा परिणत हुन्छ । वनस्पतिलाई बिभिन्न जीवहरुले खानाको रुपमा उपभोग गर्दछन् । उपभोक्ताहरु धेरै प्रकारका हुन्छन् । उपभोक्ताहरुले वनस्पति उपभोग गरिसकेपछि वनस्पतिमा भएको नाइट्रोजनयुक्त प्रोटिन जनावरहरुको शरीरमा पुग्छ र जन्तु प्रोटिन बन्छ । यसले जीवजन्तुको शरीर निर्माणमा निकै ठूलो सहयोग गर्दछ ।

प्रकृतिमा अर्काखाले पनि ब्याक्टेरिया हुन्छन् जसले सिँधै बायुमण्डलबाट नाईट्रोजनलाई



जमिनमा पुऱ्याउँदैनन् बरु घुमाउरो बाटो प्रयोग गर्दछन् । यिनीहरुलाई एमोनिफाइङ र नाइट्रिफाइङ ब्याक्टेरिया भनिन्छ । मृत शरीरलाई कुहाउने क्रममा मृत शरीरमा भएका अति जटिल प्राङ्गारिक यौगिकहरुलाई एमोनिया र एमोनियम यौगिकहरुमा बदल्ने समूहका ब्याक्टेरियाहरुलाई एमोनिफाइङ ब्याक्टेरिया भनिन्छ । फेरि एमोनिया तथा तिनका यौगिकहरुलाई नाईट्राईट र नाईट्रेटमा बदल्ने ब्याक्टेरियाहरुलाई नाइट्रिफाईङ ब्याक्टेरिया भन्ने समूहमा राखिएको छ ।

तिनीहरुले जमिनमा नाइट्रेटको मात्रा बृद्धि गर्दछन् र मोटोलाई मलिलो पार्छन् । यो नाइट्रेट बिरुवाबाट खाद्यजाल हुँदै जनावरहरुको शरीरमा पुग्दछ र तिनीहरुको बृद्धि र बिकासमा सहयोगी बन्छ । यस प्रकारका ब्याक्टेरियाहरुलाई कृषि उत्पादन वृद्धिमा बायो फर्टिलाइजरको रुपमा प्रयोग गर्न थालिएको छ । नोस्टक, औलोसिरा फर्टिलिसिमा, यसमा प्रयोग हुने भरपर्दा बायो फर्टिलाइजर हुन् । नोस्टोकको प्रयोग युरीयाभन्दा निकै राम्रो मानिएको छ । नोस्टोक नाईट्रोजनको प्रकृतिक स्रोत हो भने युरिया कृत्रिम र रासायनिक स्रोत हो।कोषेवालीहरु दाल, सीमी, चना तथा घंषी जस्ता वनस्पतिका जरामा ससाकना गाँठाहरु देख्न सकिन्छ । त्यहाँभित्र राइजोवियम लेगुमिनेसेरम नामका ब्याक्टेरिया हुन्छन् । तिनीहरुले वायुमण्डलबाट सिधै नाईट्रोजनलाइ खिचेर नाइट्रेट बनाउँछन् । त्यसकारण नाइट्रोजनको स्रोतका लागि यतिबेला घंषी तथा दालजन्य वाली लगाइ माटोको उर्बरा शक्ति बढाउने प्राक्टिस गरिँदै आएको छ । यस्ता प्रकारका बालीहरुलाई ग्रीन म्यानुर भनिन्छ ।

ब्याक्टेरियाहरु कृषिमा मात्र होइन जेनेटिक इञ्जिनियरिङमा समेत प्रयोग हुन्छन् । जेनेटिक इञ्जिनियरिङको सहयोगले जीवका गुणहरु परिवर्तन गर्न, उत्पादन बढाउन, नयाँखाले औषधिहरु बनाउन र काम नलाग्ने अनुपयुक्त गुणहरु हटाउन सकिन्छ । सन् १९७० को दशकदेखि जेनेटिक इञ्जिनियरिङमा ब्याक्टेरियाको उपयोगको बारे बिभिन्न अनुसन्धानहरु हुन थालेका हुन् । जीन अर्थात् बंशतत्वलाई एक जीवबाट अर्कोमा प्रत्यारोपण गरिने कार्यले निकै ठूलो क्रान्ति ल्याएको छ । ब्यासिलस थुरिन्जिनेसीस नामको माटोमा पाइने ब्याक्टेरियालाई निकै पावरफुल प्रोटिन टक्सिन बनाऊन प्रयोग गरिन्छ । यसले किरा मार्न प्रयोग गरिने अर्गानो फोस्फेट इन्सेक्टिसाईडभन्दा असी हजार गुणा बढि सामर्थ्य राख्छ । एग्रो ब्याक्टेरियमको सहयोगले टिएमभी नामको भाइरसको बंशतत्व (जीन) सूर्तीको बिरुवामा प्रत्यारोपण गरेर सुर्तीमा टिएमभी भाइरसको आक्रमणबाट जोगाइ क्षतिको जोखिम टार्न सकिने भएको छ ।

औलोसिरा तथा एनाबिना नामका ब्याक्टेरियाहरुले पानीमा लाखुट्टेका लार्भाहरुलाई बढ्न दिदैनन् र लामखुट्टेको प्राकृतिकरुपमा नियन्त्रण गर्दछन् । एन्टिबायोटिक, भ्याक्सिन तथा एन्टिसेराहरु बनाउन ब्याक्टेरियाको सर्वाधिक प्रयोग गरिन्छ । हामी दूधलाई जमाएर दही बनाउँछौं । यो कार्य समेत लेक्टो कोकस, ल्याक्टो बेसिलस तथा स्ट्रेप्टो बेसिलस ल्याक्टिस नामका ब्याक्टेरियाले गरेका हुन्छन् । अचार अमिलो बनाउने, मुलाबाट सिन्की बनाउने, गुन्द्रुक बनाउने सबै कार्यहरु ब्याक्टेरियाकै सहयोगले सम्भव भएका हुन् । एसिटोब्याक्टर नामको ब्याक्टेरियाले उखुको रसबाट भिनेगर बनाउन सहयोग गर्छ । अहिले रेडीमेट अचारहरुमा तथा धेरै खाद्यपदार्थहरुमा भिनेगर अत्याधिक प्रयोग गरिँदै आएको छ ।

घाममा बस्दा भीटामिन डी पाइन्छ भनेर हामीहरुले सुनेकै छौं । भिटामिन डी सिधै सूर्यको किरणबाट शरीरमा पस्ने होइन । बरु सूर्यको किरणको सहयोगले हाम्रो शरीरभित्रका केही यौगिकहरु टुक्रन गइ भिटामिन बन्ने हुन् । यसप्रकार हाम्रो शरीरभित्र भिटामिन के, डी, बी आदिको सिन्थेसिसमा शरीरभित्रका ब्याक्टेरियाहरुले निकै सहयोग पुऱ्याइरहेका हुन्छन् । तेलजन्य पदार्थको प्रदुषणबाट पर्यावरणलाई शुद्ध राख्ने काम सुडोमोनास भन्ने ब्याक्टेरियाले गर्दछ । यस प्रकार ब्याक्टेरिया हाम्रो जीवनका विविध क्षेत्रहरुमा सहयोग गर्ने हाम्रा असल साथी पनि हुन भनेर बुझ्नु जरुरी छ ।

*tulasikharel2015@gmail.com*

*(खरेल निधि-इन्द्रेणी क्याम्पस तथा महेन्द्र-रत्न मावि बिर्तामोडका जीव बिज्ञान बिषय शिक्षक हुन् ।)*

# मौरीपालन : वैकल्पिक आम्दानीको माध्यम

**□ किरण पौड्याल**

पछिल्लो समय जिल्लाका अधिकांश किसानले खेतीबालीका साथसाथै व्यावसायिक मौरीपालन शुरु गरेका छन् । खेतीबालीमा जस्तो धेरै खट्नु नपर्ने र कम लगानी गर्दै उल्लेखीय आम्दानी लिन सकिने भएपछि वैकल्पिक व्यवसायका रूपमा किसानले मौरीपालन गर्न थालेका हुन् । पछिल्लो समय त झन् स्थानीय सरकार र संघ-संस्थाले पनि मौरीपालन सम्बन्धी तालिम र प्रवर्द्धनात्मक कार्यक्रम ल्याएपछि झनै किसान व्यावसायिकरूपमै मौरी पाल्न शुरु गरेका छन् । मौरीपालनमा धेरै लगानी र दुःख-कष्ट गर्नु नपर्ने भएपछि व्यावसायिकरूपमै मौरी पाल्न शुरु गरेको इलाम नगरपालिका-१० स्थित गोदकका मौरी व्यवसायी भाष्कर भारद्वाज बताउँछन् । उनले मौरीपालन शुरु गर्दा घारमा केही रकम लगानी गर्दा मात्र पुग्ने देखेपछि व्यवसाय शुरु गरेका हुन् ।

'खेतीबालीमा जस्तो खट्नु नपर्ने र सहजरूपमा गर्न सक्ने देखेपछि मौरीपालन थालेको हुँ' -भारद्वाजले भने- 'वडा कार्यालयबाट पनि छुटमा मौरीको घार पाएकाले व्यवसायमा झनै सहज भयो । गत वर्ष वडा कार्यालयबाट ५० प्रतिशत छुटमा घार (डुँड) वितरण गरिएको थियो । वडा कार्यालयले प्रवर्द्धनात्मक कार्यक्रम गरेसँगै मौरीपालक व्यवसायीको समेत संख्या बढेको छ । भारद्वाजले अहिले २२ घार मौरी पालेका छन् । मेची राजमार्गमा आफ्नो पसल रहेकाले पसलमै मह निकाल्दा बेच्न सकिने भएकाले पनि व्यवसायबाट फाइदा भइरहेको भारद्वाज बताउँछन् । 'जङ्गलबाट जे मौरीले ल्याउँछ । त्यहीबाट मह बनाउँछन् । त्यसमा कृत्रिमपन छैन' -भारद्वाज भन्नुहुन्छ- 'प्राकृतिक मह पाएपछि हारालुछ शैलीमा बिक्री पनि हुन्छ ।'

मौरीको महलाई घरेलु औषधिका रूपमा प्रयोग गरिनाले यसको माग उच्च छ । थोरै बारी भएका व्यक्तिले पनि मौरीपालन गर्दा प्रशस्त फाइदा लिने भएपछि यसमा लगानी थालेका हुन् । मौरीपालन गर्दा फाट्टफुट्ट आम्दानी भइरहने भएकाले घर खर्च चलाउन सहज हुने गरेको रोङ गाउँपालिकास्थित पहरीगाउँका धनबहादुर सुनुवार बताउँछन् । मौरीबाट 'सिजन' मा धेरै आम्दानी हुने भएकाले पनि मौरीपालनतर्फ आफू आकर्षित भएको सुनुवारको भनाइ छ । 'यसमा खर्चै छैन, डुँड ल्याएर राखिदिँदा आफैं बस्छ' -सुनुवार भन्छन्- 'भ्याएको समयमा काढियो भने गाउँमै बिकी पनि हाल्छ ।'

चार आधुनिक घार र दुई परम्परागत घारमा मौरीपालन गरेका सुनुवारले मासिक सातदेखि आठ किलो मह बेच्ने गरेका छन् । किलोको रु. एक हजारसम्ममा घरबाटै मह बेच्ने गरेका सुनुवारले वार्षिक रु. एक लाखसम्म आम्दानी लिन्छन् । 'मङ्सिर र जेठको समयमा अलि धेरै पनि आम्दानी हुन्छ । मह बेचेको आम्दानी सबै नाफा हो ।'



**गाउँपालिका नै जुट्यो मौरीपालन प्रोत्साहनमा**

मौरीबाट सहज आम्दानी लिन सकिने बुझेपछि यहाँको रोङ गाउँपालिका कार्यविधि नै बनाएर मौरीपालन प्रोत्साहनमा जुटेको छ । 'अध्यक्ष मौरी लघु कार्यक्रम' नामक मौरीपालन कार्यक्रममार्फत किसानलाई गाउँपालिकाले आवश्यक तालीम र सामग्री प्रदान गर्दै आएको छ । मौरी मानव स्वास्थ्य र पर्यावरणसँग पनि सम्बन्धित भएकाले कार्यक्रम मार्फत प्रोत्साहनमा जुटेको हो । 'हाम्रो स्वास्थ्यका लागि मह र पर्यावरण स्वच्छ राख्न मौरी आवश्यक पर्ने भएकाले यसमा लागेका हौं' -रोङ मौरी विकास केन्द्रका संयोजक कुमार मोक्तानले भने- 'हाम्रो क्षेत्र त भौगोलिकरूपमा पनि मौरीका लागि उत्तम क्षेत्र हो । गाउँपालिकालाई नै महमा आत्मनिर्भर बनाउन यो कार्यक्रम चलाएका हौं ।'

मोक्तानका अनुसार यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले नै डेढ रोपनी जग्गामा मौरीपालन शुरु गरेको छ भने मौरी व्यवसायीलाई चरणबद्ध अनुदान पनि दिइन्छ । 'पहिलो चरणमा तालिम दिएर ५० प्रतिशत अनुदानमा सामग्री उपलब्ध गराइन्छ, दोस्रो चरणमा ७५ प्रतिशत र तेस्रो चरणमा शतप्रतिशत अनुदान सामग्री र सेवासुविधा दिइने गरएको छ' -मोक्तानले भने ।

गाउँपालिकाले पहिलो चरणको अनुदानमा तालीम सामग्री दिएपछि अनुगमनपछि मौरीपालन उचित तवरले गरिएको पाइएमा मात्र दोस्रो चरणको छुट दिइने गरेको छ । दोस्रो चरणको अनुदान दिएपछि पुनः गाउँपालिकाबाट अनुगमन गर्दा मौरीपालन उचित ढंगबाट गरिएमा मात्र अर्को चरणको अनुदान दिने गरिन्छ । 'हामीले घारदेखि मह झिक्ने मदानीसम्म पनि अनुदानमा दिन्छौं । तर, मौरीपालन सन्तुलित किसिमको हुनुपऱ्यो' -मोक्तानले भने । अहिले गाउँपालिकामा १५ देखि १६ मौरी व्यवसायीले दोस्रो चरणको अनुदान पनि लिइसकेका छन् । गाउँपालिकाले मौरीमा अनुदानसँगै महको लक्ष्य पनि राखेको छ ।

**महको माग थामी नसक्नु**

बजारमा कृत्रिम महको बिगबिगी फैलिएपछि गाउँपालिकाले प्राकृतिक तवरबाट उत्पादन गरेको महको माग थामिनसक्नु छ । महको सिजनमा किन्नका लागि स्थानीयबासी मात्र नभई भारतीय बजारबाट पनि माग आउने गरेको छ । 'हामीले वैशाख र जेठमा मात्र छ क्विन्टल मह उत्पादन गरेका थियौं । त्यो मह असार लाग्दा सकियो । हामी त यसैलाई आधार बनाएर मौरी पर्यटन समेत बनाउने तरखरमा लागेका छौं' -मोक्तानले भने- 'मौरी नै हेर्न पर्यटक आउन थालेपछि यसैलाई प्रवर्द्धन गरेर पर्यटनमैत्री बनाउँदैछौं ।' मौरीकै लागि गाउँपालिकाले पहिलो चरणमा रु. आठ लाख, दोस्रो वर्ष रु. २० लाख लगानी गरेको छ भने तेस्रो वर्ष पनि रु. १५ लाख विनियोजन गरेको छ ।

जिल्लाका रोङ, माईजोगमाई गाउँपालिका, इलाम, सूर्योदय नगरपालिकामा मौरीपालन हुने गरेको छ । सरकारी तथ्याङ्क अनुसार इलामका एक हजार छ सय कृषकले मौरीपालन गर्ने गरेका छन् । इलाममा वार्षिक २२ मेट्रिक टन मह उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र इलामले जानकारी दिएको छ ।

समाचार प्रभाव

# गौरादहको क्वारेन्टिनमा मानवअधिकार संगठनको अनुगमन



मिलन अधिकारी

**गौरादह, असार ३०।** गौरादहको क्वारेन्टिनको अवस्थाको बारेमा पूर्वाञ्चल दैनिकमा बारम्बार समाचार प्रकाशन भएपछि त्यसबारे नेपाल मानव अधिकार संगठन झापाले चासो देखाएको छ ।

संगठनले क्वारेन्टिनको स्थलगत अवलोकनमा गर्दै त्यहाँको अवस्था र क्वारेन्टाइन प्रयोगकर्ताका समस्या तथा गुनासाहरु सुधारका लागि सम्बन्धित निकायलाई निर्देशन समेत दिएको छ । गौरादहका क्वारेन्टिनहरुमा व्यवस्थापनमा केही कमजोरी रहेको देखिएको भए पनि अवस्था चिन्ताजनक नभएको मानव अधिकार संगठनका झापा जिल्ला अध्यक्ष डिल्ली भट्टराईले बताए ।

भट्टराईले भने- 'हामी सबैजसो क्वारेन्टिनमा पुग्यौं, त्यहाँ बस्नेहरुका गुनासाहरु पनि सुन्यौं, शौचालय , पंखा, झुल लगायतको समस्या रहेको पायौं ।' संगठनले अनुगमनको क्रममा देखिएका समस्याहरुको बारेमा जिम्मेवार निकायलाई जानकारी दिँदै त्यसलाई सुधार गर्न समेत निर्देशन दिइएको भट्टराईले बताए ।

गौरादहका क्वारेन्टिनमा भारत, खाडी लगायतका देशहरुबाट आएकाहरु बस्ने गरेका छन् । तिनीहरु मध्ये भारतबाट आएकाहरुमा संक्रमण बढी देखिने गरेको छ । तिनीहरुलाई एकै ठाउँमा राखिने गरेकोमा अब भारत र खाडी लगायत अन्य मुलुकबाट आएकाहरुलाई एकै ठाउँमा राख्न नहुने सुझाव समेत दिइएको संगठनले जनाएको छ ।

गौरादह नगरपालिका विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नम्बर २ का वडाध्यक्ष हेमन्त कार्कीले गौरादहका क्वारेन्टिनमा मानवअधिकार संगठनले चासो राखेर अनुगमन गरेको बताएका छन् । उनले भने- 'संगठनले क्वारेन्टिन व्यवस्थापनमा केही कमजोरीहरु देखाएको छ । तिनीहरुलाई हामी सुधार गर्छौं ।'

त्यसैगरी मानव अधिकार संगठनले गौरगञ्ज गाउँपालिकामा रहेको क्वारेन्टनको समेत अनुगमन गरेको छ भने झापाका विभिन्न स्थानीय तहमा रहेका क्वारेन्टिनको अवलोकन गर्ने समेत जानकारी दिएको छ । झापामा अविरल बर्षाका कारण स्थगन गर्नुपरेको अवलोकन भ्रमणको कार्यक्रम आगामी साता कचनकवल गाउँपालिकाबाट पुनः सुचारू गरिने मानव अधिकारकर्मी गंगा कार्कीले बताइन् ।

## धारिलो हतियार प्रहारबाट मृत्यु

**संखुवासभा, असार ३०।** संखुवासभाको धर्मदेवी नगरपालिका-१ तेल्लोकका ६१ बर्षीय रुद्र राईको धारिलो हतियार प्रहारबाट मृत्यु भएको छ ।

मृतककै भतिजो स्थानीय ४३ बर्षीय गंगा राईले एक्कासी कुटपिट तथा धारिलो हतियारले समेत प्रहार गर्दा घाइते भएका राईलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

घटनाको जानकारी पाए लगत्तै प्रहरी चौकी मुढेशनिश्चरेबाट खटिएको प्रहरीको टोलीले कुटपिटमा संग्लग्न गंगा राईलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको उक्त कार्यालयले जनाएको छ ।

## पहिरोले बगाएर महिलाको मृत्यु

**मोरङ, असार ३०।** मोरङको केरावारी गाउँपालिका-२ सिंहदेवी चिसाङखोला बस्ने ५८ बर्षीया धनकुमारी आङ्वोको पहिरोले बगाएर मृत्यु भएको छ ।

अबिरल बर्षासँगै आएको पहिरोले आङ्वोको घर र गोठ समेत बगाउँदा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त भएसँगै इलाका प्रहरी कार्यालय केराबारीबाट गएको प्रहरीको टोलीले आङ्वोलाई मृत अवस्थामा फेला पारेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## खोलाले बगाएर बेपत्ता

**मोरङ, असार ३०।** मोरङको रतुवामाई नगरपालिका-३ चौकीघाटबाट रतुवा खोला तर्ने क्रममा रतुवामाई नगरपालिका-७ का २४ बर्षीय अरुण ऋषिदेव खोलाले बगाएर बेपत्ता भएका छन् ।

उनलाई खोला तर्ने क्रममा अचानक बगाएको भन्ने खबर प्राप्त भएसँगै इलाका प्रहरी कार्यालय सिजुवाबाट गएको प्रहरीको टोली र स्थानीयबासीको समेत सहयोगमा उनको खोजतलास भइरहेको तथा हालसम्म पनि उनी फेला नपरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# सरकारलाई गरेको समर्थन फिर्ता लिन राप्रपाको आग्रह



**भद्रपुर, असार ३०।** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा वामपन्थी हालको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)सँग गठबन्धन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) झापाले वर्तमान सरकारलाई गर्दै आएको समर्थन फिर्ता लिन पार्टीका केन्द्रीय समितिलाई आग्रह गरेको छ ।

हल्दिबारी गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देन माथि गत असार १० गते गाउँपालिकाको गाउँ सभा मै बहुमतको आडमा गाउँपालिकाका उपाध्यक्ष डम्बरबहादुर गिरीसहितको जनप्रतिनिधिले अभद्र व्यवहारसहित हातपात गरेको भन्दै सोमबार बसेको राप्रपा गाउँ समिति हल्दिबारीको बैठकले यस्तो आग्रह गरेको हो ।

राप्रपा गाउँ समितिका अध्यक्ष एकराज राना मगरको अध्यक्षतामा बसेको बैठकले राप्रपाले वर्तमान नेकपाको सरकार निर्माणमा समर्थन दिएको र झापामा गत प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचनबाटै सहकार्य गर्दै आएको तत्कालीन वामपन्थी र हालको नेकपाले विगत लामो समयदेखि शुत्रवत् व्यवहार गर्दै आउनुका साथै जनताको बहुमतबाट निर्वाचित गाउँपालिका अध्यक्षलाई समेत बाहुबलका आधारमा विस्थापित गर्न अग्रसर भएको र अन्य राष्ट्रिय परिस्थितिका दृष्टिले समेत नेकपाको सरकारलाई समर्थन कायम राखिराख्न उचित नदेखिएको हुँदा सरकारलाई दिएको समर्थन तत्काल फिर्ता लिन केन्द्रीय समितिलाई आग्रह गर्ने निर्णय गरेको छ ।

त्यस्तै बैठकले हल्दिबारी गाउँपालिकाको सातौं गाउँसभाको दिन गाउँपालिकाका अध्यक्ष तथा राप्रपा झापा सदस्य रविन्द्र लिङ्देनमाथि नेकपाका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूबाट भएको अभद्र व्यवहार र त्यसपश्चात उत्पन्न परिस्थिति प्रति राप्रपा गाउँ समिति चिन्तित भएको जनाएको छ । आम जनताको बहुमतबाट निर्वाचित गाउँपालिका अध्यक्ष प्राविधिक बहुमतको बन्दी बनाउने, अभद्र व्यवहार गर्ने कामहरू निन्दनीय मात्र होइन । यसले निर्वाचन प्रणाली माथि नै दीर्घकालीन असर पुऱ्याउँछ भन्ने राप्रपा हल्दिबारी गाउँसमितिले ठहर गरेको जनाएको छ ।

त्यसैगरी गाउँसभा विवाद उत्पन्न भई स्थगित भएपछि विवादको अर्को पक्षबाट छलफल र संवादबाट समस्याको समाधान गर्ने कुनै सकारात्मक प्रयासहरू नभएको हुँदा लामो समयसम्म गाउँपालिकालाई अनिर्णयको बन्दी बनाएर जनताको सेवासुविधामै प्रभाव पर्ने काम गर्नु एक जिम्मेवार राजनीतिक दलका लागि अनुपयुक्त हुने ठहर गर्दै तत्काल कानूनी उपचारको बाटो खोज्न राप्रपाका तर्फबाट निर्वाचित प्रतिनिधिहरूलाई निर्देशन दिने र संगठन विस्तार गर्न र गाउँसभा भएको घटनाको सत्यतथ्य आमजनता र कार्यकर्ता तहमा पुऱ्याउन वडा र टोलस्तरीय बैठकहरूको आयोजना गर्ने निर्णय बैठकले गरेको छ ।

त्यस्तै गाउँपालिकामा उत्पन्न विवाद समाधानका लागि राप्रपा गाउँसमितिले आवश्यक छलफल, संवाद र निकासका लागि संयोजक दिलकेशर थापाको संयोजकत्वमा पाँच सदस्यीय वार्ता समिति गठन गरेको छ । वार्ता समितिको सदस्यहरूमा देवीबहादुर थापा, एकराज राना मगर, सन्तकुमार थापा र खिवराज भट्टराई रहेको जनाइएको छ ।

गाउँपालिकाका अध्यक्ष तथा राप्रपाका जिल्ला सदस्य लिङ्देनमाथि अभद्र व्यवहारपश्चात उत्पन्न परिस्थितिले गाउँ समितिले यस्तो निर्णय गरेको राप्रपा गाउँ समिति हल्दिबारीका अध्यक्ष एकराज राना मगरले बताए । बहुमतका वर्तमान सरकारका जनप्रतिनिधिलाई राप्रपाले गरेको समर्थन संख्याको आधारमा नेकपालाई फरक नपरे पनि राजनीतिक दृष्टिकोणले असर पर्ने सक्ने उनले बताए ।

# अब मास्क नलगाए कारवाही गरिने

**बुधबारे, असार ३०।** इलाका प्रहरी कार्यालय काँकरभिट्टाको समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बुधबारेमा कोरोना सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कोरोना भाइरसबाट जोगिन अपनाउनुपर्ने सावधानीका बिषयमा थप सचेत पार्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरलले मास्क नलगाई घर बाहिर निस्किएको देखा परेमा कानूनी कारवाही गर्न र कडाइका साथ निगरानी बढाउन प्रहरीलाई निर्देशन दिए ।

उनले मास्कको अनिवार्य प्रयोग गर्न अनुरोध गरेका छन् । सोहीक्रममा मास्क नलगाई आएका तथा राजमार्गमा मास्क नलगाई सवारी



चलाइरहेका केहीलाई रोकेर केही समय गोलो सर्कलमा उभ्याइ मास्कको प्रयोगका बारेमा जानकारी गराइएको थियो भने निःशुल्क मास्क तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि समेत वितरण गरिएको थियो ।

कार्यक्रमको सहआयोजक जोइन्ट हेन्ड युथ सोसाइटीले रोग प्रतिरोधात्मक क्षमता बढाउने भनिएको औषधि करिब तीन सय परिवारलाई वितरण हुने गरी निःशुल्क उपलब्ध गराएको जोइन्ट हेन्ड युथ सोसाइटीका अध्यक्ष सञ्जिल प्रसाईले बताए ।

बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राईले दुई सयभन्दा बढीलाई निःशुल्क मास्क वितरण गरिएको जानकारी दिए । बुद्धशान्ति गाउँपालिकाका अधिकृत मदन कँडेलले सम्पूर्ण बुद्धशान्तिबासी लगायत गाउँपालिकाका सेवा लिन आउने सम्पूर्णमा अनिवार्य मास्क लगाउन अनुरोध गरेका छन् । बुद्धशान्ति गाउँपालिकाका अधिकृत मदन कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा जोइन्ट हेन्ड युथ सोसाइटीका उपाध्यक्ष तथा बुधबारे जेसीजका सचिव अनिल वाग्लेले स्वागत मन्तव्य राखेका थिए ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाको सहयोगमा भएको कार्यक्रममा जोइन्ट हेन्ड युथ सोसाइटी, बुधबारे जेसीज, सामुदायिक प्रहरी सेवाकेन्द्र बुद्धशान्ति, इलाका प्रहरी कार्यालय बुद्धशान्ति, चन्द्र सूर्य युवा क्लब संयुक्त रुपमा सहआयोजक रहेका थिए । कार्यक्रमको सञ्चालन सामुदायिक प्रहरी सेवाकेन्द्र बुद्धशान्तिका महासचिव पूर्ण सञ्जेलले गरेका थिए ।

## हात्ती धपाउन जडान गरेको विद्युतीय धरापमा पर्दा...

**मेचीनगर, असार ३०।** जंगली हात्ती धपाउन खेतमा जडान गरिएको विद्युतीय धरापमा परी झापामा एक ब्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मेचीनगर नगरपालिका-९ मागुरमाडीका ६४ वर्षीय बद्रीप्रसाद थपलिया रहेको प्रहरीले जनाएको छ । थपलियाले जंगली हात्तीलाई धपाउन खेतमा नाङ्गो बिद्युतीय तार राखेका थिए ।

थपलिया खेतमा पानी लगाउन जाँदा नाङ्गो तारबाट करेन्ट लागेर उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी



कार्यालय झापाका प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिए ।

# आफ्नै मालिक दम्पतीको हत्या गर्ने १४ वर्षपछि पक्राउ




**झापा, असार ३०।** आफैंले काम गर्ने स:मिल सञ्चालक दम्पतीको हत्या गर्ने एक जनालाई प्रहरीले १४ वर्षपछि पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले हत्यापछि फरार हुँदै आएका सर्लाहीका जयकिशोर साहलाई घटनाको १४ वर्षपछि बाँकेस्थित भारतीय सीमा क्षेत्रबाट पक्राउ गरेको हो ।

वि. सं. २०६३ पुस २० गते सीतापाइलास्थित कान्तिपुर स:मिलका सञ्चालक मोरङ डाँगीहाटका ४५ वर्षीय नातीकाजी सुवेदी र श्रीमती सानु सुवेदीलाई कामदार सर्लाहीका जयकिशोर साह र बाँकेका प्रताप रानाले धारिलो हतियार प्रहार गरी हत्या गरेर फरार भएका थिए । साह पक्राउ परे पनि राना अझै फरार छन् ।

स:मिलका मालिकले काम बिगारेको भन्दै गाली गरेको विषयमा त्यसको बदला लिन उनीहरूले सुवेदी दम्पती र छोरालाई धारिलो हतियारले शरीरका विभिन्न भागमा प्रहार गरी निर्ममतापूर्वक आक्रमण गरेका थिए । सोही चोटका कारण सुवेदी दम्पतीको मृत्यु भएको र छोरा भने बाँच्न सफल भएका थिए ।

घटनापछि दुबै अभियुक्त नेपालबाट भागी भारतको लखनउमा गई दुई वर्षसम्म सँगै बसेका थिए । प्रताप राना अन्यत्रै लागेपछि साहले जय शर्माको नामबाट भारतीय आधार कार्ड लगायतका कागजात बनाई पहिचान समेत बदलेर भारतको लखनउमा बस्दै आएको सिआइबीका प्रमुख प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले जानकारी दिए ।

सिआइबीले आफ्नो स्थापनाकालदेखि नै उक्त घटनालाई प्राथमिकतामा राखी अनुसन्धान गरिरहेकामा घटनामा गम्भीर घाइते भई बाँच्न सफल विलभ सुवेदीसँगको निरन्तर सम्पर्क र सूचनाका आधारमा अन्तर्राष्ट्रियस्तरमा समेत समन्वय गरी हुलिया सनाखत गरेर उनलाई पक्राउ गरिएको थापाले बताए । अर्का फरार व्यक्ति पनि छिट्टै पक्राउ पर्ने उनले जानकारी दिए ।


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड


नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**वर्गीकृत विज्ञापन**

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*


**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'




सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बेसुरमा काम गर्ने बानीले अप्ठ्यारोमा परिनेछ । लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । छर-छिमेकमा केही असमझदारी देखिने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझतिर रमाइलो भेटघाटमा मन रमाउनेछ । तर, खानपानको असावधानीले पेटको समस्या आउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हात पार्न केही समय लाग्नेछ । अरूको मुख ताक्नाले काममा पछि परिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ । तापनि आयस्रोत बढ्ने छन् । विभिन्न भौतिक साधन जुट्ने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । प्रयत्न गर्दा अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतिक्षा गरिएको काम बन्नेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । किर्तिमानी काम गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सामाजिक दायित्व बढ्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । साँझतिर भने सञ्चित रकम खर्चनुपर्ने आवश्यकता पर्न सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन जित्न सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मेहनत गर्दा पदीय जिम्मेवारी प्राप्त हुन सक्छ । विगतका कमजोरीमा सुधार आउनेछ । लगनशीलताले लाभ दिलाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पहिलेको सफलताले हौसला जगाउनेछ । साँझतिर नयाँ कामको प्रस्ताव आउनेछ भने शुभचिन्तकहरूले पनि साथ दिनेछन् ।